जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १२ • अंक २८९ • २०८२ श्रावण २३ गते शुक्रवार • 8 Aug. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

## मधेस प्रदेशमा यतिबेला पनि खडेरीको कालो बादल मडारिएको

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २२ श्रावण**

बर्खाको मौसम आकाशमा कालो बादल हुनुपर्ने हो र धर्तीमा पानी बर्सनुपर्ने हो । तर मधेस प्रदेशमा भने यो बेला पनि खडेरीको कालो बादल मडारिएको छ । अन्नभण्डार भएको भूमिमा धान रोप्ने मुख्य मौसममा पानीको अभावमा आकाशतिर हेरेर दिन बिताउन किसान बाध्य छन् । आकाशबाट पानी नपर्नु प्राकृतिक कुरा हो, तर सिँचाइको प्रबन्ध नहनु देशकै कमजोरी छ ।



समस्याको जड सिँचाइ नहुनु त हुँदै हो, त्यसमाथि भएका संरचनाको चरम बेवास्ता र अव्यवस्थापन पनि अर्को विडम्बना हो । मधेस प्रदेशको कुल खेतीयोग्य जमिनमध्ये केवल ४९ प्रतिशतमा सिँचाइ सुविधा छ । बाँकीमा छैन । नदीनालाको पानी नहरबाट खेतखलियानमा नपुऱ्याए पनि डिप बोरिङका ट्युबवेलहरू नभएका भने होइनन् । तर दशकौं लगाएर सरकारी र निजी लगानीमा निर्माण भएका हजारौं डिप ट्युबवेलहरू आज बेकामे छन् । कृषि मन्त्रालयको हालैको प्रतिवेदनअनुसार पञ्चायतकालदेखि जडान भएका आधाभन्दा बढी डिप ट्युबवेल प्रयोगविहीन छन् । समृद्ध तराई-मधेस सिँचाइ विशेष कार्यक्रम र जनकपुर कृषि विकास योजनाजस्ता ठूला आयोजनामार्फत बनाइएका सयौं ट्युबवेलमध्ये अधिकांश कि त बिग्रिएका छन्, कि अधुरा छन्, कि सञ्चालनमा नै छैनन् ।

भएका ट्युबवेल पनि बेकामे हुनुको कारण पम्प हाउस र विद्युतीकरणको काम अधुरो हुनु हो । ट्रान्सफर्मर र तारजस्ता उपकरण चोरी भएका छन् । केही स्थानमा पाइपभित्र ढुंगा-इँटा हालेर जानाजान अवरोध सिर्जना गरिएको छ । यसमा राज्यभन्दा समाज र समुदाय जिम्मेवार हुनुपर्ने हो । अनि कतिपय ठाउँमा उपभोक्ता समितिभित्रको विवाद पनि ट्युबल प्रयोगविहीन हुनुको कारण हो । डिजेल इन्जिनमा आधारित प्रविधि र मर्मत-सम्भारको अभावले बिग्रेका बोरिङहरू हजारको हाराहारीमा छन् । मधेसलाई सुक्खा क्षेत्र घोषणा गर्दै पाँच सय डिप ट्युबेल बनाउने भनेको छ । जबकि त्यसभन्दा ज्यादा पहिल्यै थिए, बरु तिनको हिफाजत भएन । राज्यको लगानी बालुवामा पानी हालेसरह बनाउने हो भने नयाँ साधनको हालत पनि पुरानाको जस्तो नहोला भन्न सकिन्न । यसमा समाज र समुदाय नै जिम्मेवार र जवाफदेही हुनुपर्छ । सञ्चालन र मर्मतमा नियमितता हुनुपर्छ । अनि सुरक्षित पनि । सुरक्षाका लागि सरकारले प्रत्येक ट्युबवेलमा प्रहरी खटाउने होइन, सुरक्षाको जिम्मा उपभोक्ता हो ।

मधेसका थुप्रै जिल्लामा कोशी, गण्डक, बागमती र कमला नहरले केही जिल्लालाई मात्र आंशिक राहत दिए पनि अधिकांश कृषि भूमि भूमिगत सिँचाइमा निर्भर छ । भूमिगत सिँचाइका पूर्वाधार अर्थात डिप ट्युबवेल धराशायी हुँदा आज खडेरीका बेला संकट आइपरेको छ । यसले मधेसको कृषि उत्पादनमा प्रत्यक्ष असर पार्दै राष्ट्रिय खाद्य सुरक्षामा नै गम्भीर चुनौती थप्ने निश्चित छ । संकटको घोषणा गरेर मात्र जिम्मेवारी पूरा हुँदैन । सरकारले बिग्रेका र प्रयोगविहीन डिप ट्युबवेलहरूको अवस्था पहिचान गरी मर्मत-सम्भारका लागि विशेष अभियान चलाउनु अपरिहार्य छ । चोरी र तोडफोड रोक्न स्थानीय तह र प्रहरी प्रशासनसँगको समन्वयमा सुरक्षा व्यवस्था मिलाउनुपर्छ । जसमा उपभोक्ता समितिहरू पनि जिम्मेवार नबनी धरै छैन ।

दीर्घकालीन समाधानका लागि डिजेल आधारित प्रविधि विस्थापित गर्नुपर्छ । बरु सौर्य ऊर्जालगायतका नवीकरणीय ऊर्जा प्रयोग गर्नुपर्छ । कर्णाली नदीको पानी रानीजमरा सिँचाइमार्फत पश्चिम तराईको जिल्ला कैलालीका खेतीहरूमा हिजोअस्तिबाटै पुग्न थालेको छ । पूर्वी तराई अर्थात् मधेस प्रदेशमा सुनकोशी-मरिन डाइभर्सन आयोजनालाई युद्धस्तर अघि बढ्ने हो भने खडेरीको पर्वाह हुने थिएन । सुनकोशीको पानी सुरुङमार्फत मरिन खोलामा खसालेर बागमती नदीमा मिसाउँदा मधेस प्रदेशका धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराका करिब १ लाख २२ हजार हेक्टर जमिनमा बाह्रैमास सिँचाइ सुविधा पुग्नेछ । सँगसँगै ३१ मेगावाट बिजुली उत्पादन पनि हुनेछ । बिडम्वना यो आयोजनाको काम सुस्त छ । तराईको एउटा कुनामा खुसीयाली र अर्को कुनामा खडेरीको पीडाले हाम्रो राष्ट्रिय एकता र सन्तुलित विकासको अवधारणालाई नै गिज्याइरहेको छ ।

## सामाजिक सुरक्षा तथा बाल संरक्षण विषयक संवाद कार्यक्रम

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २२ श्रावण**

मधेश प्रदेशका खेलकुद तथा समाजकल्याण मन्त्री प्रमोद जयसवालले सामाजिक सुरक्षा तथा बाल संरक्षणको सवालमा प्रदेश सरकारले काम अघि बढाएको बताउनुभएको छ ।



खेलकुद तथा समाजकल्याण मन्त्रालय मधेश प्रदेशले युरोपियन युनियन तथा संयुक्त राष्ट्र संघ र युनिसेफको सहयोग तथा लाइफ नेपालको समन्वयमा जनकपुरधाममा गरेको मधेश प्रदेशमा सामाजिक सुरक्षा तथा बाल संरक्षण विषयक संवाद कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो । उहाँले चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा र नागरिकको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यसहित मधेश प्रदेश सरकारले ऐतिहासिक कदम चाल्दै घरधुरी बिमा र नागरिक बिमा कार्यक्रम साउन १ गतेदेखि औपचारिक रूपमा लागू गरेको जानकारी दिनुभयो । मन्त्री जयसवालले पहिलो चरणमा एक लाख घरधुरी र ६ हजार ६ सय नागरिकहरू बीमाको दायरामा ल्याइएको बताउनुभयो । उहाँले सामाजिक सुरक्षाको सवालमा प्रदेश सरकारले सामाजिक सुरक्षा नीतिको साथै समाज कल्याण ऐन ल्याउने तयारी गरिरहेको बताउनुभयो ।

उहाँले सामाजिक सुरक्षासँगै बाल संरक्षणको सबालमा प्रदेश सरकारले बालिका संरक्षण ऐन ल्याएको जुन सातवटै प्रदेशमध्ये उक्त ऐन ल्याउने मधेश प्रदेश पहिलो प्रदेश रहेको बताउनुभयो । उहाँले बालिका संरक्षणका लागि प्रदेश सरकारले यसै वर्षदेखि बेटी जिन्दाबाद महाअभियान सञ्चालन गरिरहेको भन्दै यसका लागि यसै आर्थिक वर्षमा बजेट विनियोजन गरेको बताउनुभयो ।

## मटिहानीमा भ्रष्टाचार निवारण एवं सुशासन प्रवर्धन बारे छलफल गरियो



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २२ श्रावण**

भ्रष्टाचार विरुद्ध सचेतना अभिवृद्धि गर्ने उद्देश्यले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासद्वारा आज आयोजित मटिहानी नगरपालिकास्तरीय भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन' सम्बन्धी अन्तरक्रिया कार्यक्रम सु-सम्पन्न भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबासका उपसचिव तुलसीराम पौडेलको अध्यक्षता एवं मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडलको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, वडा अध्यक्षहरु,कार्यपालिका सदस्यहरु,मटिहानी नगरपालिका स्थितका सुरक्षा निकायका प्रमुखहरु, मटिहानी नगरपालिकाका बिभिन्न शाखा प्रमुखहरु,वडा सचिवहरु, बिद्यालय ब्यबस्थापन समितिका अध्यक्षहरु र प्रधानाध्यापकहरु लगायत अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबासका पदाधिकारीहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा भ्रष्टाचार निवारण एवं सुशासन प्रबर्धन लगायतका विषयमा छलफल गरिएको छ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence



GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627
Class- PG to Class-X
Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.




## सुरक्षाकर्मीले संयमित हुन आवश्यक

सप्तरीमा मदिरा तस्करी नियन्त्रण गर्ने क्रममा प्रहरीबाट स्थानिय एक जनाको गोलि लागि मृत्यु भएको छ। राजगढ गाउँपालिका वडा नं.– २ कमलपुरका ३६ वर्षिय लालु यादवलाई मंगलबार सप्तरी प्रहरीको गोलि लागि मृत्यु भएको छ।

प्रहरीले बोलाएर नजिकैबाट गोलि हानी हत्या गरेको आरोप स्थानियको रहेको छ भने प्रहरीले दोहोर भिडन्त अन्तर्गत यादवलाई तिघ्रामा गोलि लागेर अस्पताल लग्ने क्रममा मृत्यु भएको तर्क दिएको छ।

यतिखेर त्यहाँको अवस्था तनाबग्रस्त छ भने स्थानियको आक्रोस असह्य देखिन्छ। मृतक यादव स्थानिय विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष रहेको थियो भने नातेदारको अनुसार अनुमति लिएर मदिराको कारोबार पनि गर्दै आएको थियो। यसबारे अहिले संघीय संसदमा समेत जनप्रतिनिधिहरुले मधेसीहरु प्रति सुरक्षा निकायको बक्र दृष्टिका कारण पहिले गोलि नै चलाईन्छ भने खालका आरोपहरु लगाएका छन्। हो, गैरकानुनी कार्यको रोक हुनु पर्दछ भने सम्मानीय कानुनको फैसलाको आधारमा दोषिलाई कारबाही गर्ने प्रक्रिया हुदाहुदै नेपाल प्रहरीको गोलिको मोल छैन जस्तो आरोप लागेको छ। यस जटिल परिवेशमा घटनाको सत्य तथ्य पत्ता लगाउने जाँच समितिले सक्रिय भई सत्य तथ्य पत्ता लगाउन आवश्यक रहेको देखिन्छ। साथै नेपाल प्रहरी तथा सुरक्षाकर्मीले मानवीय हितको संरक्षणलाई प्राथमिकतामा राखि संयमताका साथ अनुसन्धान तथा कारवाही अगाडी बढाई देशमा व्याप्त तस्करीलाई नियन्त्रण गर्न तत्पर रहनु पर्दछ।

# वर्षापछि करिब ४० बिगाहा धानबाली डुबानमा

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २२ श्रावण**

लामो खडेरीपछि सक्रिय बनेको मनसुनले रौतहटका किसानहरूलाई आशाको सन्देश लिएर आएको थियो। तर त्यो आशा एकाध दिनमै निराशामा बदलिएको छ। फतुवा विजयपुर नगरपालिका ५ अन्तर्गतको सन्तपुर दोस्तीया क्षेत्रमा वर्षापछि करिब ४० बिगाहा धानबाली डुबानमा परेको छ।

स्थानीय किसानहरूले लामो समयको पर्खाइपछि लगाएको धानबाली अब डुवानमा परेको छ। अमिर खान, नथुनी तलेवर, सेराज अन्सारी, नुराईन अन्सारी, आबिद अन्सारी, ताहिर लगायत अन्य किसानहरूको खेत डुबानमा परेका हो। पीडित किसान खानका अनुसार, "पहिले बाटोमा राखिएको होम पाइपबाट पानी निकास हुँदै आएको थियो। तर अहिले पानी निकास हुने मुहान बन्द भएपछि बालीमा डुबान भएको हो।" सडक र जल निकासको



अभावले डुबान समस्या झनै जटिल बन्दै गएको देखिन्छ। कटहरिया-सन्तपुर-कलैया सडक खण्ड जोडने सन्तपुर चोकदेखि करिब २५० मिटर पश्चिमतर्फ बाटोको उत्तर दिशामा पर्ने खेतहरूमा पानी जमेको हो। पानीको निकास नहुँदा खेतबारी डुबानमा परेका छन् भने पानी पूर्वतर्फका बस्तीहरूमा पनि पस्न थालेको स्थानीय बासिन्दाले बताएका छन्। "रातभर पानीको डरले न निद्रा लाग्यो, न त बिहान धान जोगाउने उपाय सोच्न सकियो," स्थानीय एक बासिन्दाले भने।

यदि फेरि भारी वर्षा भयो भने घरमै पानी पसी खाद्यान्न जोगाउन मुस्किल पर्ने चिन्ता पनि उनीहरूले व्यक्त गरेका छन्। यता, वडाध्यक्ष एजाज अहमदले उक्त समस्यालाई समाधान गर्न तत्काल पहल गर्ने बताएका छन्।

# युवाहरुको पहलमा हस्पिटलले मुखियाको शव दिए

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २२ श्रावण**

सिरहाको लहान नगरपालिका वडा नम्बर २३ निवासी हरी मोहन मुखियाको शव काठमाडौंको केएमसी हस्पिटलले युवाहरुको पहलपछि दिएको छ। करिब दुई



महिनादेखि काठमाडौंस्थित केएमसी अस्पतालमा उपचाररत रहेका मोहन मुखियाको मृत्यू पश्चात अस्पतालले सबै रकम बुझाउन भन्दै शव रोकेका थिए। गम्भीर स्वास्थ्य समस्याका कारण भर्ना भएका मुखियाको उपचारका क्रममा केही दिनअघि मृत्यू भयो। परिवारले सक्दो प्रयास गर्दै अस्पतालमा हालसम्म ११ लाख रुपैयाँभन्दा बढी रकम बुझाइसकेको तथा अस्पतालले बाँकी करिब १ लाख ५० हजारदेखि २ लाख रुपैयाँ तिर्नुपर्ने भन्दै मृत शरीर (शव) नदिएको अवस्था सिर्जना भएपछि मधेशका युवाहरुले पहल थालेका थिए।

"यो पीडादायी घडीमा, परिवारजना आर्थिक अभावको कारण आफ्ना प्रियजनको शव समेत नपाई अत्यन्तै मार्मिक र हृदयविदारक स्थितिमा छन्। मृतकका परिवारजन रोएर गुहार मागिरहेका छन्– हामीले जे सक्यौं गर्यौं, अब शव त दिनुहोस"- पहलकर्ता युवक शिव यादवले भने। उनले यस घटनाले मानवीयता, संवेदना र अस्पतालको भूमिकामाथि पनि गम्भीर प्रश्न उठाएको बताए। के पैसाले मात्रै मानिसको शरीरको पनि मूल्य तोकिने हो ? के अस्पताल जस्तो संवेदनशील संस्थामा मानवीयता भन्दा व्यापार प्रमुख हुन थालेको हो ? प्रश्न गरे।





अनुरोधकर्ता
महोत्तरी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक चिन्ता
तुला: मनमा पछुतो आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: खानपानमा समस्या आउने
कूम्भ: लामो यात्राको योग छ
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# कैलाश यात्रा मार्गमा फसेका चार सय बढी तीर्थयात्रीको उद्धार

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ श्रावण**



भारत-तिब्बत सीमा प्रहरी (आइटीबीपी) ले हिमाचल प्रदेशको किन्नेर जिल्लास्थित किन्नेर कैलाश यात्रा मार्गमा फसेका ४१३ तीर्थयात्रीलाई उद्धार गरेको छ।

आइटीबीपीको १७ औं बटालियनका कर्मचारीहरूले तीर्थयात्रीहरूलाई सुरक्षित रूपमा बाहिर निकाल्न 'ट्राभर्स क्रसिङ' प्रविधि र डोरीको सहयोगमा उद्धार अभियान सञ्चालन गरेका थिए। किन्नेर जिल्ला प्रशासनबाट प्रभावित क्षेत्रमा थप मानिसहरू फसेको सूचना पाएपछि आइटीबीपी र एनडीआरएफका टोलीहरू पुनः परिचालन गरिएको छ। उनीहरूले अहिले सघन खोजी र उद्धार कार्य जारी राखेका छन्। आइटीबीपीले बाँकी सबै तीर्थयात्रीको सुरक्षा सुनिश्चित गर्नका लागि जिल्ला प्रशासन र अन्य सम्बन्धित निकायसँग समन्वय गरिरहेको जनाएको छ।

भारतीय मौसम विज्ञान विभाग (आइएमडी) ले हिमाचल प्रदेशका बिलासपुर, सोलन, सिमला, सिरमौर, र मन्डी जिल्लाहरूमा तीव्र वर्षाको चेतावनी जारी गरेको छ। यसका साथै, अन्य धेरै जिल्लाहरूमा पनि हल्कादेखि मध्यम वर्षाको अनुमान गरिएको छ। लगातारको भारी वर्षाका कारण सिमलामा सामान्य जनजीवन प्रभावित भएको छ र अधिकांश शैक्षिक संस्थाहरू बन्द गरिएका छन्। राज्य विपद् व्यवस्थापन प्राधिकरण (एसडीएमए) को रिपोर्ट अनुसार, यस वर्षको मनसुनमा (२० जुनदेखि ५ अगस्टसम्म) हिमाचल प्रदेशमा १९४ जनाको मृत्यु भएको छ।

# 'मिस प्लस टू इन्टरनेसनल'मा एकसाथ तीन विजेता घोषित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ श्रावण**



'मिस प्लस टु इन्टरनेशनल' मा तीन विजेता छानिएका छन्। राजधानीमा आयोजित एक कार्यक्रममा प्रतियोगामा 'मिस प्लस टु नेपाल वर्ल्ड', 'मिस प्लस टु नेपाल ग्लोबल' र 'मिस प्लस टु नेपाल हेरिटेज' गरेर एकसाथ तीन विजेता छानिएका हुन्। राष्ट्रिय नाचघरमा भव्य समारोह बिच बुधबार साँझ सम्पन्न प्रतियोगितामा 'मिस प्लस टु नेपाल वर्ल्ड'को ताज कर्मा लामाले जित्दा 'मिस प्लस टु नेपाल ग्लोबल' आकृति पोखरेल घोषित भइन्।

प्रतियोगितामा मुस्कान कुँवरले भने 'मिस प्लस टु नेपाल हेरिटेज'को उपाधि जित्न सफल रहिन्। सौन्दर्य, आत्मविश्वास, व्यक्तित्व र प्रतिभाको आधारमा विजेता छानिएको प्रतियोगितामा हेरिटेज विजेता मुस्कान कुँवरले 'पब्लिक चोइस'को उपाधि समेत हान पार्न सफल भइन्। प्रतियोगितामा सबटाइटल तर्फ मुस्कान कुँवर 'मिस ट्यालेन्ट', कर्मा लामा 'मिस स्टाइलिस' र 'बेस्ट वाक', आकृति पोखरेल 'मिस फोटोजेनिक', प्रियंका चौधरी 'मिस कन्जिनियलिटी', अनुपमा नेपाल 'मिस पर्सनालिटी', काजल मेहता 'मिस कन्फिडेन्ट', रेशु कुमारी मगर 'मिस इन्टेलेक्चुअल', रेनुका मास्के 'मिस डिसिप्लिन', निकिता शाह 'बेस्ट ट्रान्सफर्मेसन', पुष्पाञ्जली शर्मा 'मिस डिटरमिनेसन', कृति शाह 'मिस चार्मिङ' र मनकामना रौनियार 'मिस डिसेन्ट', आश्मा धामी 'म्यानेजमेन्ट चोइस' र कृतिका कर्माचार्यले 'इभनिङ गाउन' उपाधि हात परे। सङ्गीता रौनियार, प्रिया मानन्धर, बीएवा बस्नेत, राम केसी, विशाल गुरुङ, अनिला श्रेष्ठ, मनिषा डंगोल लगायतका निर्णायक रहेको प्रतियोगितामा युभा इभेन्ट्सले आयोजना गरेको थियो।

# आजका लागि विदेशी मुद्राको विनिमय दर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ श्रावण**



नेपाल राष्ट्र बैङ्कले बिहीबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिददर १४० रुपैयाँ ०८ पैसा र बिक्रीदर १४० रुपैयाँ ६८ पैसा निर्धारण गरिएको छ।

बुधबारको तुलनामा बिहीबार डलरको भाउ केही कमजोर भएको हो। बुधबार अमेरिकी डलर एकको खरिददर १४० रुपैयाँ १९ पैसा र बिक्रीदर १४० रुपैयाँ ७९ पैसा निर्धारण गरिएको थियो। युरोपियन युरो एकको खरिददर १६२ रुपैयाँ ६६ पैसा र बिक्रीदर १६३ रुपैयाँ ३६ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८६ रुपैयाँ ७१ पैसा र बिक्रीदर १८७ रुपैयाँ ५१ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १७३ रुपैयाँ ६६ पैसा र बिक्रीदर १७४ रुपैयाँ ४० पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ १४ पैसा र बिक्रीदर ९१ रुपैयाँ ५३ पैसा, क्यानेडियन डलर एकको खरिददर १०१ रुपैयाँ ८९ पैसा र बिक्रीदर १०२ रुपैयाँ ३३ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०८ रुपैयाँ ९१ पैसा र बिक्रीदर १०९ रुपैयाँ ३८ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ५० पैसा र बिक्रीदर नौ रुपैयाँ ५४ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ५० पैसा र बिक्रीदर १९ रुपैयाँ ५८ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ३३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४९ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ४३ पैसा र बिक्रीदर ३८ रुपैयाँ ६० पैसा कायम भएको छ।

# अस्ट्रेलियामा हुने चार विश्व वरीयता तेक्वान्दो प्रतियोगितामा अशोक निर्णायक बस्ने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ श्रावण**




नेपालका अन्तर्राष्ट्रिय तेक्वान्दो निर्णायक अशोक खड्काले अस्ट्रेलियामा हुने चार वटा विश्व वरीयता प्राप्त तेक्वान्दो प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्ने भएका छन्। उनले अस्ट्रेलियामा हुने विश्व वरीयता जी-३ डब्लुटी प्रेसिटेन्ड कप ओसिएना, डब्लुटी प्रेसिटेन्ड कपमा जी-३ को पारातर्फको प्रतिस्पर्धा, विश्व वरीयता जी-२ अस्ट्रेलियन ओपन र पारा अस्ट्रेलियन ओपनर गरी चार वटा अन्तर्राष्ट्रिय प्रतियोगितामा निर्णायको भूमिका निर्वाह गर्न लागेका हुन्।

उनले प्रतियोगितामा पुम्से र ग्यारोगी गरी दुवै विधाको प्रतिस्पर्धाका खेल सञ्चालन गर्ने छन्। यी चार वटा प्रतियोगिता अगस्ट १४ देखि १७ सम्ममा अस्ट्रेलियाको गोल्डकोस्टस्थित कारा रंगशालामा हुँदैछन्। यी प्रतियोगितामा अशोक यसअघि पनि निर्णायक रहिसकेका छन्। अस्ट्रेलियामा तेक्वान्दो प्रतियोगिता सञ्चालन गर्नुअघि उनले मलेसियामा हुने अर्को प्रतियोगितामा निर्णायक भएर काम गर्नेछन्। अगस्ट ९ र १० मा मलेसियाको क्वालालम्पुरमा हुने मलेसियन ओपन तेक्वान्दो प्रतियोगितामा उनी निर्णायकको भूमिकामा हुनेछन्। त्यसका लागि अशोक शुक्रबार मलेसिया जाँदैछन्। उनी मलेसियाबाटै अस्ट्रेलिया प्रस्थान गर्ने कार्यक्रम छ।

खड्का ग्योरोगी, पुम्से र पारा तेक्वान्दोका अन्तर्राष्ट्रिय निर्णायक हुन्। नेप्लिज तेक्वान्दो एकेडेमीका अध्यक्ष समेत रहेका उनले चार दर्जनभन्दा बढी अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरिसकेका छन्।



# ‘सडक नै विकास’ ठान्ने सोचको दुश्चक्र



-‘विकास भनेकै सडक र भवन’ भन्ने भाष्य बनाएर लैजान सफल त्यही वर्ग हो, जसले नेपाललाई आधुनिक समाजमा बदल्ने भनेर विगत ७० वर्षदेखि हालीमुहाली गरिरहेको छ। विकास’ शब्द आफैंमा बहुआयामिक छ । कतिले यसलाई समग्रमा समाज या मानव जातिले लिएको या लिन खोजेको सकारात्मक परिवर्तन भन्छन् भने कतिले त्यसभित्रको कुनै वर्ग या समूहमा आएको परिवर्तन हो भन्छन् । कसैले त त्यसभित्रको एउटा पक्ष अर्थात् समग्रतामा सकारात्मक हुन आवश्यक पूर्वाधारमध्येको पनि एउटा अवयवलाई विकास भनेर हेरिरहेको पाइन्छ ।

विकासको अवधारणाबारे चर्चा गर्दा ‘कसको विकास’, ‘केको विकास’, ‘के उद्देश्यका लागि कसले चलाएको विकास’ भनेरसमेत हेर्नुपर्ने अवस्था आएको छ । किनभने यस्ता बहुआयामिक पाटा भएको अति बृहत् सन्दर्भलाई नजरअन्दाज गर्दै त्यसभित्रको एकाध स्वरूपलाई मात्र हेरेर कुनै ठाउँमा ‘विकास’ भएको वा कमजोर या ‘विकासमा पछि परेको’ को चर्चा गरिन्छ । समाज र संस्कृतिकै अध्येता देखाउन खोज्नेहरू पनि खासगरी समग्र समाज विकास जताउँदा हेरिने एउटा सानो पाटो अर्थात् भौतिक संरचना हेरेर ‘वाह’ भन्ने गर्छन् र त्यही बृहत् सन्दर्भको एउटा सामान्य पाटोलाई बोलीचालीको भाषामा परिणत गरी दह्रो सामाजिक भाष्य नै निर्माण गरिदिन्छन् । खासगरी ठूला र चौडा सडक अनि गगनचुम्बी घरहरू देखेर फलानो देशले या फलानो ठाउँले त ‘विकासमा चमत्कार नै गरेछ’ भन्नेहरू समाज बुझ्केकै तप्कामा छन् ।


नेपालमा पनि सडक सञ्जाल नै विकास हो भनेर लामो समय लगाएर निर्मित ‘विकासे भाष्य’ र यसबाट आइरहेको परिणामले नेपाली समाजले भोगिरहेको नियतिका बारे चर्चा गर्नु सान्दर्भिक छ । कतिपय सन्दर्भमा वैश्विक नै बनेको र खासगरी ‘अविकसित’ या ‘अल्पविकसित’ भनेर चिनिएका नेपाललगायतका देशमा विकास भनेकै भौतिक पूर्वाधारको विकास हो भन्ने भाष्यले मज्जाले जरा गाडेको छ । विकास बजेटका नाममा छुट्याइएको प्रायः सबै बजेट भौतिक पूर्वाधार अर्थात् सडक र भवन ( कार्यालय, विद्यालय, मठमन्दिर र गुम्बालगायत) मा खर्च गरिरहेको नेपालमा यसबारे फरक मत धेरैलाई अप्रिय लाग्छ । अधिकांश रकम यसरी पूर्वाधारमा खर्च भयो, जसले समग्र समाजको विकासमा भन्दा पनि समाजका कुनै एक सानो पंक्तिको स्वार्थलाई मात्र सहयोग गरिरह्यो भनेर पछिल्ला दिनमा महिला तथा लैंगिक अल्पसंख्यकका हकहितमा काम गर्ने लैंगिक मैत्री, दलित मैत्री, युवा मैत्री काम या परियोजनाका लागि पनि बजेट राख्न भनियो । तर सडक सञ्जाल र भवनहरू सबै लिंग, उमेर समूह, जातजातिलाई अपरिहार्य भन्दै ती शीर्षकको बजेटलाई पनि कागजमा कायम राखे पनि खर्च गर्दा तोडमोड गरेर सडक र भवन बनाउने होडमै सरकार लागेको देखिन्छ ।

समाजमा आफ्नो स्वार्थलाई सबैको स्वार्थ हो भन्ने भाष्य बनाउन काबिल एक तप्काको ‘भौतिक संरचना सबै लिंग, उमेर समूह, जातजातिलाई अपरिहार्य’ भन्ने भनाइलाई आँखा चिम्लेर सही गरिदिने या कार्यान्वयनमा सहजीकरण गरिदिने ठालुहरू आजसम्म नेपाली समाजमा भइदिएका कारण ‘विकास भनेकै सडक र भवन’ भन्नेको बोली बिकिरहेको छ र यसलाई चिरेर जाने समूहको बोलवाला नभएसम्म आजको परिस्थितिमा परिवर्तनको सम्भावना छैन । समाजको विकास र अविकासमा एउटा मात्र कारणले काम गर्दैन, यो यथार्थ हो । तर लामो समय पूर्वाधारका नाममा सडक र सडककै नाममा जसरी काम गरिए, त्यसो गर्दा सम्हाल्नुपर्ने अन्य महत्त्वपूर्ण क्षेत्र खासगरी कृषि उत्पादनको क्षेत्र धराशायी बन्न पुगे भन्ने हो । जब उत्पादनमा ध्यान पुगेन, एकाएक उपभोगवाद हावी भयो । सडक सञ्जालले उपभोगवादलाई उत्पादनमा आधारितबाट आयातमा आधारित बनाउन प्रमुख माध्यम बनेर सहयोग गऱ्यो । उत्पादन या सीपमा टिकेको समाजमा एकाएक उत्पादन या सीपको भन्दा पैसाको महत्त्व बढाइदियो । गाउँघरमा उपलब्ध स्थानीय उत्पादनको माग बिस्तारै घट्न थाल्यो, सञ्चारमाध्यममार्फत विज्ञापन गर्दै समाजमा प्रयोग भई आएका सातु, चिउरा, सिरौंला, रोटी, मही, चुकौनी, जेरीजस्ता स्थानीय रूपमा उत्पादित र स्थापित खाद्य परिकारभन्दा कमसल कुरकुरे, कोकाकोलाजस्ता सामानलाई जनतासमक्ष स्थापित गराइए ।

स्वास्थ्य र पोषणका लागि अति उपयोगी लिटो, दुग्धजन्य परिकारका बदला हर्लिक्स र ल्याक्टोजिनहरू जनजनले सम्झन थाले र स्वास्थ्यका दृष्टिले कमसल अनि महँगो मूल्य पर्ने बाहिरबाट आयातित ती वस्तुलाई घरघर र टोलटोलसम्म पुऱ्याउन सडक सञ्जाल कामयाब भए । सडककै कारण नेपालका प्रायः गाउँ एकाएक संसारका सबै खाद्य सामग्रीका लागि बजार बने । संयोग नै होला, जब-जब हामी सडक सञ्जाललाई ‘विकास’ भनी त्यसकै सेरोफेरोमा काम गरिरहेका थियौं, त्यही बेला संसारमा भने पुँजीवादको पनि अरू अमानवीय रूप अर्थात् नवउदारवादले वर्चस्व बनाउँदै लगेको थियो । समग्र उत्पादन या सेवामा मानवताभन्दा मुनाफा खोज्ने उक्त नवउदारवादी व्यवस्थाले दैनिक उपभोग्य वस्तुको गुणस्तरमा कम्प्रोमाइज गरेर नाफा कमाउन उत्साहित गर्ने हो । सडक सञ्जालका कारण जब नेपाली गाउँघरमा नवउदारवादी उत्पादनको पहुँच पुग्यो, नितान्त नाफाका उद्देश्यले उत्पादित सामान र गाउँघरमा किसानले आफ्नै लागि भनेर आफैंले उत्पादन गरेका सामानको परल मूल्य उस्तै हुने कुरै थिएन । परिणाम, नाफाका लागि उत्पादित र तयार भएका सामानले बजार पायो भने स्थानीय उत्पादन बिस्तारै बिक्न छाडे । अलिक मिहिनेत गरेर केही बढी उत्पादन गर्न सके आफूले उपभोग गर्नेजति गरेर बाँकी उत्पादन बेचेर गर्जो टार्दै आएका स्थानीयको दैनन्दिनको इकोसिस्टममा नै यहाँनेर आएर एकाएक उथलपुथल भयो ।


साभार : कान्तिपुर ।




अनुरोधकर्ता
एकडारा गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday